# खाँडादेवी गाउँपालिकाको

## आ.व.२०८२/०८३ को

# नीति तथा कार्यक्रम, २०८२

खाँडादेवी गाउँपालिका

माकादुम,रामेछाप, बागमती प्रदेश

मिति २०८२/०३/०९ गते गाउँ सभामा अध्यक्ष श्री ज्ञानकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम

**सम्मानित गाउँसभा सदस्यज्यूहरु**, पालिका उपाध्यक्षज्यू, निवर्तमान पालिका अध्यक्षज्यू, निवर्तमान पालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत एवं सभाका सचिवज्यू, विज्ञ, विज्ञ सल्लाहकारज्यूहरु, राजनीतिक दलका प्रमुख ज्यूहरु, विषयगत समितिका सचिव एवं शाखा प्रमुखज्यूहरू,सञ्चार कर्मी मित्रहरु साथै पालिकाको आधिकारीक पेजबाट विश्वको कुना काप्चाबाट हेरी रहनुहुने आदरनीय मित्रहरु सबैमा यस खाँडादेवी गाउँपालिकाको गाउँसभाको १७औं अधिवेशनमा समाध्यक्षको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट समेत स्वागत तथा अभिवादन गर्न चाहन्छु।

यस गरिमामय गाउँसभाको १७औं अधिवेशनमा सभा अध्यक्षको हैसियतले आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको महसुस गरेको छु। यस सुखद अवसरमा आजको यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था र स्थानीय तहको जनताको सरकार प्राप्तिका लागि विभिन्न कालखण्डमा बलिदानीपूर्ण संघर्ष गर्दै आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञातअज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

खाँडादेवी गाउँपालिकाको विकासको खाका कोर्नुहुने पूर्व जनप्रतिनिधिज्यूहरु, दिगो विकास र भौतिक पूर्वाधारको क्षेत्रमा स्वरुप नै परिवर्तन गराउनुहुने वागमती प्रदेशका प्रथम आन्तरिक मामिला तथा योजना मन्त्रीज्यू, माननीयज्यूहरु, जनताको मत प्राप्त गर्नुभएका उपविजेता मित्रहरु, हाम्रो समाज निर्माणमा सकारात्मक योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरु, राजनैतिक पार्टीका नेताहरु, विश्व प्रतिस्पर्धामा आफ्नो देशलाई उच्च स्थानमा देख्ने अभिलाषा राख्ने नवयुवाहरु, सकरात्मक सोचका साथ सचेत गराउने पंक्ति देखि निःशर्त साथ दिने मात्र नभई विश्वास गरेर अमूल्य मत प्रदान गरी यो राजकीय स्थानमा रहेर नेतृत्व गर्ने र यो गाउँपालिकाको समृद्धिको खाका कोर्न ऐतिहासिक अवसर दिनुहुने सम्पूर्ण न्यायप्रेमी आदरनीय मतदाताज्यूहरू, मलाई सबै जनताको सेवामा जुट्न उत्साहित गर्न हौसला प्रदान गर्नुहुने मेरा मित्रहरु, सिमित श्रोत साधन र अतिन्यून सुविधा पाएर पनि जनताको सेवामा अहोरात्र खट्नु हुने प्रमुख प्रशासकीय अधिकृतज्यू, बरिष्ठ लेखा अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारी मित्रहरु सबैमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

**सभा सदस्य तथा विशिष्ट महानुभावहरु**

नेपाली सभ्यताको पछिल्लो चरण अर्थात २०औं शताब्दीको उत्तरार्धमा समेत हाम्रा अग्रज मानिस भएर बाच्न पाऊँ, बोल्न पाऊँ भनेर हाम्रा अग्रजहरु लड्दै हुनुहुन्थ्यो। राजा रजौटाले अन्धकारमा राख्ने जहानीय राणाहरुले बर्बरतापूर्वक शासन गरे। २००७ सालमा राजनैतिक क्रान्ति भएता पनि राजाले पटक पटक जनताको अधिकार खोसेकाले प्राकृतिक श्रोत साधनका हिसावले धनी भएर पनि अन्य मुलुक सरह विकास हुन सकेन।

खासगरी २०६२/०६३ को जनक्रान्तिले सामन्तवादको नायक राजतन्त्र र राजा खारेज गरी संघिय लोकतान्त्रीक गणतन्त्र स्थापना गरी नेपाली समाजलाई पूँजीवादी चरणमा प्रवेश गराएको छ। ज्ञान, सीप र प्रविधिको प्रयोग गर्दै हाम्रा प्राकृतिक श्रोत साधन  विदेशमा रहेका नेपालीको पूँजीलाई मातृभूमिमा लगानी गर्ने वातावरण निर्माण गर्ने ठूला उद्योग संचालनमा विदेशी पूँजीलाई समेत प्रयोग गरेर निर्यात गर्न सक्ने मुलुक बन्दै राष्ट्रिय पूँजीको विकास गरी देशलाई समृद्ध बनाई जनतालाई सुखी बनाउने हाम्रो राष्ट्रिय संकल्प रहेको छ।
संघीयता अनि तिन तहको सरकार संघले राष्ट्रिय नीति निर्माण गर्ने सुरक्षा, प्रदान गर्ने । विदेशी नीति, मुद्रा नीति र पूर्वाधार निर्माण गर्ने हो । प्रदेश सरकारले मूलत आर्थिक विकासको काम खास गरी कृषि क्षेत्रको काम, सामाजिक विकास तर्फ शिक्षा स्वास्थ्य र मझौला प्रकृतिका पूर्वाधारको काम गर्ने हो र जहाँ सम्म स्थानीय तहको सरकारले जनताको समस्याहरुलाई सम्वोधन गर्ने हो । जनताको दैनिक जीवन निर्वाहको लागि ठोस योजना बनाउने हो । यिनै मान्यता भित्र रहेर हामीले तीन वर्षमा झन्डै २ अर्व रकम खर्च गरी सकेका छौं । ५० करोड भन्दा बढी रकम हामीले गाउँ सभाबाट विनियोजन गरेर खर्च गरी सकेका छौं । जटिल प्रकृतिका भू-बनोट परम्परागत, निर्वाहमूखी जीविकोपार्जन गर्ने हाम्रो गाउँले जीवनशैली जहाँ घर छ त्यहाँ  नै पानी, बिजुली, सडक पुऱ्याउन कोसिस गरी रहँदा जनताको जीवनमा आमूल परिवर्तन हुन सकेको छैन । १५०.४ व.कि.मि क्षेत्रफल ३१७३४ जनसंख्या गाउँमा बस्ने करीव १५००० जनता ४७ वटा विद्यालयका २२-२५ सय विद्यार्थी, वार्षिक २६-२७ करोड १ जना विद्यार्थीलाई एक लाख भन्दा वढी लगानी छ । १५-२० वटा स्वास्थ्य केन्द्र छन् । झन्डै ८०० कि.मी कच्ची सडक छन् । वस्तीमा मानिसको बसोबास नभए पनि कूल घर बनाउने होडबाजी नै छ । मठमन्दिर, माने गुम्वा आदि त हाम्रो पहिचान र संस्कृति नै भए, यी संरचना पनि सानो सानो समूहले छुट्टाछुट्टै बनाउने गर्नाले अलि अनुत्पादक क्षेत्रमा जनताको समेत लगानी बढेको छ ।

**सभाका सदस्यज्यूहरु,**

मानिसलाई जीवित रहन खानेकुरा अनिवार्य हुन्छ ।खानेकुरा कृषिबाट प्राप्त हुन्छ । त्यसैले पहिलो वर्ष कृषिको वर्ष हामीले भन्यौ । आवाज दियौं र आधार तयार गर्दै गयौं । फलस्वरुप REED टि.एम.जि. एग्रोले झन्डै ५० लाख अनुदान प्राप्त मात्रै हैन जुस प्रशोधन पनि हुदै छ । १ वडा १ उत्पादनको मान्यतामा वडा नं ७ मा प्रदेशको ४० लाख पालिकाको १३ लाख ३३ हजार ३३३ र किसानको पनि पालिका सरह लगानी गरेर उद्यमशिलता प्रारम्भ हुँदै छ । सुख्खा क्षेत्रमा बस्ने गरिव किसानलाई समेत आधुनिक तरिकाले बाख्रा पालन गर्न सहयोग गर्ने उद्देश्यले सुरु गरिएको बाख्राको आधुनिक खोर  ४५१ वटा निर्माण भई सकेकोलाई व्यवसायिकरण गर्ने गरीव जनताको आम्दानीको श्रोत बनाउने, यसलाई सुरक्षित बनाउन  **अब १ घर १ वाख्राको आधुनिक खोर** अभियान संचालन गर्दै माउ वाख्राको विमा र खसी बोका बिक्री गर्दा मासुमा अनुदान दिने नीति अगाडी सार्दै छौं। चौथो वर्षलाई आर्थिक विकासको वर्षको रुपमा मनाउनेछौं

तदनुरुप वस्ती स्तरबाट योजना प्रस्ताव गर्नु हुनेछ । वडाले सोही अनुसार प्राथामिकीकरण गरी सिफारिस गर्नु हुने छ भन्ने विश्वास लिएको छु ।

**सभाका सदस्यज्यूहरु,**

रोजगारी र आवासका लागि मात्र नभई बालबालिकालाई राम्रो विस्वासनीय शिक्षा दिनका लागि भए पनि शहर केन्द्रित हुने र गाउँ खाली हुने अवस्था रहेकोले हामीले दोस्रो वर्षलाई शिक्षाको वर्ष भन्यौं। चासो वढायौं। अनुगमन मात्र गरेनौं, आवश्यक नीति निर्माण गरी लगानी समेत गयौं। शहरका बोर्डिङमा जस्तै वातावरण दिने कोशिस गरियो। जसले नीति पालना गरे, उसले नतिजा प्राप्त गरे। जसले ढाक छोप गरे उनीहरु जहाँको त्यहीं छन्। कक्षा ८ को नतिजा हेर्दा २१ वटा नि.मा.वि. मा ४ वटाले १००% पास गरे, ८ वटाले ३५% पनि पास गराउन सकेनन्। तर यो नतिजा देशको नतिजा मूल्याङ्कन गर्दा असाध्यै राम्रोमा पर्छ। ४८% विद्यार्थि पास भएका छन्। हामी पनि खुसी छौं किनकी यो नतिजा हाम्रो प्रारम्भिक चरणबाट १० गुणा वृद्धि भएको छ। राजनितिक दबाब, जनताको गुनासो नआउने, शिक्षक पेशा प्रति प्रतिवद्ध हुने हो भने एकै वर्षमा आज भएको पूर्वाधार र शैक्षिक वातावरणमा नै शिक्षाको गुणस्तरलाई ९०% पास हुने बनाउन सकिन्छ। अमेरीका युरोपका मूलुकमा सरकारी कोटा नपाए मात्र निजी शिक्षालयमा आफ्नो बालवालिका पढाइएको पाइन्छ। त्यो हाम्रो सामुदायिक विद्यालयलाई पनि बनाउन सकिन्छ तर हामी प्राय सबै सानो तिनो स्वार्थमा छौं। विद्यार्थी नभएका वि.व्य.स. अध्यक्ष हुन सक्छन तर आफ्नो छोराछोरी आफूले पढाउने विद्यालयमा नपढाउने शिक्षक रहेछन भने के भन्ने। गर्दा हुने रहेछ । यो वर्ष विष्णु जनज्योतीका जान्हवी केसीले कक्षा ८ मा ४जि.पि.ए ल्याएर पालिका टप गरिन । उनी प्र.अ गणेश केसीकी छोरी थिईन भारती मा.वि बाट यो वर्ष एस.ई.ई. परीक्षा दिएकी श्रृष्टी तामाङले बक्तृत्वकलामा विद्यालय टप, पढाईमा पालिका टप गरीन। उनी तत्कालीन प्र.अ देवराज तामाङकी छोरी थिइन । यस्ता धेरै अनुकरणीय उदाहरणहरु छन् । तर पनि १ गाग्री पानीमा १ थोपा निर हाली दियो भने सबै पानी निलो भए जस्तै आफ्ना छोराछोरी आफ्नै विद्यालयमा नपढाएका र नपढाएउने छिटफुट घटनाले सबै भन्दा ठूलो प्रभाव पारेको छ ।

**सभाका सदस्य ज्यूहरु,**

आजको चुनौतीसंग भागेर हैन, अवसरको रुपमा उपयोग गर्न सक्नु पर्दछ । कोही रिसाउलान भनेर नबोल्ने, नगर्ने हैन, मैले नगरे कसले गर्ने, आज नगरे कहिले गर्ने? असल अभ्यास आजै प्रारम्भ गरौं । हामीले नै प्रारम्भ गरौं ।म त्यसको नेतृत्व गर्ने छु । मात्र तपाईहरुको साथ चाहिएको छ। समर्थन चाहिएको छ । छरिएको अव्यवस्थित परम्परागत वस्ती एकीकृत गर्ने, जोखिमयुक्त वस्तीका नागरिकलाई स्थानान्तरण गर्ने घोषणा पत्रमा समेत उल्लेख भए अनुसार, पालिका आसपास गोगनेपानी केन्द्र बनाइ सहरी विकास आयोजना मार्फत प्रारम्भिक सर्वे समेत भै प्रदेश सरकारको नितीमा समेत उल्लेख भएको छ । गोगनपानी आसपास पालिका केन्द्र बनाइ कम्तीमा

१० वर्ग कि.मी आवास क्षेत्र विकास गरी नमूना एकिकृत वस्ती वनाई पालिकाका जो कोही नागरिकलाई सुरक्षित, सुविधा सम्पन्न आवासको  अवसर प्रदान गर्ने महान लक्ष्य सहित भटौली खोलाको  पानी गोगनपानी ल्याउने कार्य गत वर्ष सफल हुन नसके पनि आगामी वर्ष चोप्राङ खोला, अग्लेश्वरी मुनिको चिप्ले ढुङ्गाको पानीलाई पालिका हुँदै गोगनेपानी पुऱ्याएर सुनकोसी र तामाकोसीबाट लिफ्ट गरेको पानीको करौंडौंको विद्युत महशुल र मर्मत खर्च कम्तीमा ९ महिनाको खर्च मात्र भएपनि शुन्य हुने छ । विद्यार्थीका लागि आवासिय भवन वनिरहेको छ । आगामी वर्षमा थप १ भवन बन्दै छ । उत्कृष्ठ दक्ष शिक्षक र प्रविधि सहित जनताका छोराछोरीलाई आवास सहित गुणस्तरिय शिक्षा  दिने आधार तयार भै सकेको छ । पालिका अस्पताल निर्माण सम्पन्न हुन लागि सकेको छ । छ महिनाभित्र सम्पन्न गरी चालु गर्ने लक्ष्य छ । संघीय सरकार सँगको साझेदारीमा निर्माण प्रारम्भ भइ अलपत्र परेका ङ्याग्युर साम्तेलिङ गुम्वाको निर्माण भएको भवनलाई सम्पन्न गरी उपभोक्तालाई हस्तान्तरण गरिने छ । सामुदायिक भवनलाई संचालनमा ल्याइने छ । यो वर्ष पालिकामा सानो छरितो प्रशासनिक भवन बनाईने छ । बसपार्क बनाईने छ र पालिका खेलमैदान बन्ने छ ।यस वर्ष जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड आयोजना हुनेछ ।यो क्षेत्रलाई एकिकृत गरी नगरपालिका बनाउने प्रकृया अगाडि बढाईने छ । जनताको सेवा दिने निकाय वडा कार्यालय, स्वास्थ्य चौकी र नि.मा.वि. विद्यालय जोडिएको मूल सडकलाई स्तरोन्नती गरी बाह्रै महिना सवारी चल्न सक्ने बनाइने छ।

**सभाका सदस्यज्यूहरु,**

हाम्रा पिता पूर्खाहरुले आवादी गरेका जमिन जोगाउँदै युवाहरुलाई आफ्नो गाउँ प्रति आकर्षित गर्दै दिघो विकास लक्ष्य प्राप्त हुने गरी पहिलो वर्ष देखी २५% बजेट जनताको साना ससिना माग पुरा गर्न सम्बोधन गर्ने  र १५% मझौला आयोजनामा ६०% बजेट प्रतिवर्ष न्यूनतम १० करोड बजेटलाई १ करोड भन्दा माथिका आयोजना छनौट गर्ने ५ वर्षमा पालिका भित्र ४०-५० वटा आयोजना १ करोड भन्दा माथिका हुने छन्। त्यसले ग्रामिण जीवनको आधार तयार हुनेछ भन्ने मान्यता राखिएको भएता पनि झण्डै ७०% बजेट टुक्रिएर  बिनियोजन हुन पुग्यो।  यसको गम्भिर समिक्षा गरी आगामी  आर्थिक वर्ष २०८२/०८३ मा ठोस आयोजना कम्तिमा ७०% बजेट खर्च गर्ने र त्यसमा पनि आर्थिक विकासलाई पहिलो प्राथमिकता दिने उद्देश्यका साथ चौथो वर्षको १७औं अधिवेशनमा उपस्थित भएका छौं।

**सभाका सदस्य ज्यूहरु,**

**आर्थिक विकास सम्बन्धी नीतिः**

**कृषि तथा पशुपंक्षी विकास, रोजगारी, उद्यम तथा पर्यटनः**

१. खाँडादेवी गाउँपालिकामा कृषिको दिगो, सन्तुलित र व्यवस्थित विकासका लागि कृषि तथा पशुपंक्षी तथ्याङ्क अध्यावधिक गरिनेछ। कृषकको वर्गीकरण र पहिचान गरी कृषि पेशाको सम्मान गर्दै व्यावसायिक कृषि सेवा प्रदान गरिनेछ।

२. निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक खेती प्रणालिमा रूपान्तरण गरिनेछ साथै विदेशबाट फर्केका युवाहरुलाई सामुहिक रुपमा व्यवसायिक कृषि पेशा गर्न चाहनेहरुलाई प्रोत्साहन गरिनेछ। यसका साथै Start up अनुदानका लागि कोष स्थापना गरिनेछ । बाढीले बगाएका कृषियोग्य जमिनको पुनरुत्थान गरिनेछ ।

३. कृषि क्षेत्रको समुन्नतिको लागि जमिनको खण्डीकरण तथा बाँझोपन नियन्त्रण गर्न चक्लाबन्दी खेतीलाई प्रवर्द्धन गरिनेछ। साथै, सिँचाइ प्रणालीको विकास, कृषिको यान्त्रीकरण तथा आधुनिकीकरणमार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ।

४. एक वडा, एक कृषि उत्पादन" अवधारणा अन्तर्गत प्रत्येक वडामा पहिचानयोग्य एक कृषि वस्तुको प्रवर्धन गरी उत्पादन वृद्धि गरिनुका साथै सम्बन्धित वस्तुको पकेट क्षेत्र घोषणा गरिनेछ। माछापालनको सम्भाव्यता अध्ययन गरिनेछ ।

५. उत्पादनमा किसानलाई बिक्रीमा अनुदान दिई कृषकलाई उत्प्रेरित गर्नुका साथ साथै कृषि वस्तुको ढुवानीमा अनुदान दिइनेछ।

६. प्राकृतिक प्रकोप वा विशेष कारणबाट कृषि जन्य उत्पादनमा हुने हानी नोक्सानीलाई राहतको लागि कृषि राहत कोष स्थापना गरिनेछ। उक्त कोषबाट राहत तथा क्षतिपूर्ति प्रदान गरिने व्यवस्था मिलाइनेछ।

७. संघ, प्रदेश सरकार तथा अन्य सम्बन्धित संघ-संस्थासँगको समन्वय र सहलगानीमा सुख्खा क्षेत्रमा सिँचाइ सुविधा विस्तार तथा आकासे पानी संकलन र व्यवस्थापन प्रणालीको विकास गरिनेछ।

८. सुख्खा र भिरालो जमिनमा फलफुल खेतीलाई प्राथमिकता दिई उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ, र सो प्रयोजनका लागि उत्पादन वृद्धि सम्बन्धी क्रियाकलापमा अनुदान प्रदान गरिनेछ।

९. स्थानीयको मौलिक ज्ञान र रैथाने बालीको संस्क्षण संगसंगै सम्वर्द्धन गरिने र कृषि उद्यमीलाई सहयोग गर्ने उद्देश्यका साथ बिउ पुजी कोषको स्थापना गरिनेछ।

१०.पालिकाभित्रका उपयुक्त क्षेत्रहरूमा व्यवसायिक खुर्पानी खेतीलाई मुख्य प्राथमिकता दिई प्रवर्धन गरिनेछ, साथै प्रशोधन केन्द्र स्थापना गरी सोबाट जुस तथा वाइन उत्पादन गर्ने नीति लिइनेछ।

११.कृषिमा व्यावसायिकरण प्रवर्द्धन गर्दै कृषक समूह, आमा समूह, महिला सहकारी तथा कृषि श्रमिकको सक्रिय सहभागितामा सामूहिक उत्पादन प्रणाली तथा कृषि उपजमा आधारित उद्यम र बजारीकरण प्रणालीको विकास गरिनेछ।

१२.कृषकहरूमा समयानुकूल ज्ञान, सीप र प्रविधि अभिवृद्धि गर्न छोटो अवधिका तालिम, अन्तरक्रिया गोष्ठी, कृषकबाट कृषकमा प्रविधि आदानप्रदान, तथा सूचना प्रविधिसम्बन्धी पम्पलेट, लिफलेट आदि प्रचार-प्रसार सामग्री वितरण गरिनेछ।

१३.स्थानीय अन्नको प्रबर्धन गर्नका लागि कोदोको रक्सी तयार पारी बिक्री वितरण गर्ने नीति अवलम्वन गरिनेछ ।

१४. **"खाँडादेवीको सान एक पशुपालक किसान एक बाख्राको खोर अभियान"**

सुख्खा र भिरालो जमिनमा थोपा सिंचाइ प्रविधिको प्रयोग गरी डाले घाँस उत्पादन तथा आधुनिक बाख्रा पालन कार्यक्रम सञ्चालन गरिनेछ। यस अभियान अन्तर्गत निम्न कार्यहरू गरिने छन्:

- **१ पशुपालक किसान १ बाख्राको आधुनिक खोर अभियान** अन्तर्गत प्रत्येक घरमा आधुनिक खोर निर्माण गरिनेछ।
- नयाँ खोर निर्माणको लागि कम्तिमा **५ वटा माउ बाख्रा** हुनु अनिवार्य गरिनेछ।
- **माउ बाख्राको बिमा कार्यक्रम:**
  - जसको खोरमा **१० वा सोभन्दा बढी माउ बाख्रा** छन्, ती सबै माउ बाख्राहरूको बिमा गरिनेछ।
  - बिमा गरिएका माउ बाख्राहरू *गर्भावस्थामा* वा *सुत्केरीपछिको स्वास्थ* सुधारका लागि "बाख्रा सुत्केरी स्वाहार" कार्यक्रम अन्तर्गत पोषण सप्लिमेन्ट उपलब्ध गराइनेछ।
  - बिमित बाख्रा तथा तिनका पाठापाठीहरूको **जन्म दर्ता** गरिनेछ।
  - **डेढ वर्षपछि खसी बोका बिक्री गर्दा** प्रति केजी मासुमा **रु. २५ अनुदान** प्रदान गरिनेछ।

१५.प्रत्येक वर्ष न्यूनतम **१०० वटा आधुनिक बाख्रा खोर** निर्माण गरिने नीति लिइनेछ। यो योजना दिगो विकास लक्ष्य तथा लगानीको प्रतिफल सुनिश्चित गर्ने उद्देश्यका साथ अगाडि बढाइनेछ।

१६. पशुपक्षीं जन्य उत्पादनलाई बजारको पहुच सम्म विस्तार गर्न उत्पादनलाई प्रशोधन तथा बजारीकरण गर्न कार्यमा सहकारी संस्थाहरु संग सहकार्य गरिनेछ।

१७.पशुपन्छीमा फैलन सक्ने रोगहरुको रोकथामका लागि विभिन्न प्रकारका खोपहरु समयमै लगाउन आवश्यक प्रवन्ध मिलाईने छ।

१८.पशुपन्छीमा फैलनसक्ने सम्भावित रोगको पहिचान र नियन्त्रणका लागि आधारभुत प्रयोगशालाको स्थापना र सञ्चालनको व्यवस्था मिलाईनेछ।

१९.पशुपालक कृषहरुलाई सम्बन्धि आधारभूत ज्ञान र सिप अभिवृद्धि गर्न आवश्यक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

२०. कृषि, गैर कृषि काष्ठ वन र अन्य प्राकृतिक स्रोत, मौजुदा परम्परागत सीप, लघु वित्त संस्थासँगको सम्बन्ध तथा बजार सम्बन्धलाई उपयोग गर्दै लघू उद्यमहरूको विकास गरिनेछ।

२१.गरीब तथा सीमान्तकृत लक्षित समूह, अति गरिबीको मार खेपिरहेका महिला, दलित, आदिवासी जनजाति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक अपाङ्ग, तथा द्वन्द्व पीडित युवाहरूलाई सहभागी गराई लघू उद्यम विकास गर्न जुटेका विभिन्न निकायहरू विचको समन्वय र कार्यान्वयन पक्षलाई सशक्त बनाईनेछ ।

२२.मूल्य श्रृङ्खला अवधारणामा आधारित भएर लघू उद्यम तथा उद्यमीहरूलाई प्रश्रय दिंदै नीति कार्यान्वयन कर्ता र अनुगमन गर्ने निकायहरूको सुदृढीकरण गर्दै लघू उद्यमहरूको स्तरोन्नति गरिनेछ ।

२३. "सोच देखी उद्योग सम्म" कार्यक्रम मार्फत नवप्रर्वद्धन उद्यम योजना भएका तथा नयाँ लघू, घरेलु तथा साना उद्योगको स्थापना, विकास तथा प्रर्वद्वन Inception, Incubation, Market analysis लगायतका कार्यहरु मार्फत बेरोजगार लाई स्वरोजगार हुन प्रोत्साहन गरिनेछ ।

२४.खाँडादेवी पालिकाको उपयुक्त स्थान र काठमाण्डौ उपत्यकामा एक/एक कोशेलीघर सञ्चालन गरी खाँडादेवी पालिकाका उत्पादित बस्तुको प्रर्वद्धन र मूल्य अभिबृद्धि गरिनेछ।

२५.उद्यमशीलता विकास तालिम मार्फत स्थानीय कच्चा पद्धार्थ र श्रोत परिचालन हुने उद्यम व्यवसायको लागि पालिकाले **उद्यमशीलता बिकास कोष** खडा गरी बिउ पूँजिको व्यवस्था गरिनेछ ।

२६.बेल, खुर्पाने, मेवा आदिको जुस उत्पादन गरी बजारीकरण गर्नका लागि आवश्यक नीति अवलम्वन गरिनेछ ।

२७.सामाजिक, सांस्कतिक, प्राविधिक, वातावरणीय, सूचना प्रविधि लगागतका क्षेत्रमा परस्पर सहयोग, सहकार्य तथा असल अभ्यास र अनभुति आदान प्रदान गर्ने गरी गाउँपालिकाको आर्थिक र सामाजिक रुपान्तरण तथा सुशासन प्रवद्धनमा सहयोग पुर्याउन कुनै नगरपालिका तथा अन्तराष्ट्रिय नगरसँग **भगिनी सम्बन्ध** कायम गर्ने नीति लिइनेछ।

२८.रोजगार सेवा केन्द्रबाट आन्तरिक तथा वैदेशिक रोजगारी सम्बन्धी परामर्श रेफरल रोजगारी विनिमय श्रम स्वीकृती लगायत सेवाहरु प्रदान गरी मर्यादित तथा सुरक्षित श्रम तथा रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२९. गाउँपालिकाभित्र रहेका थप पर्यटकीय स्थलहरुको पहिचान गरी तिनमा आन्तरिक र बाह्य पर्यटकहरु ल्याउनका लागि आवश्यक पहल गरिनेछ ।

३०. पालिका गान निर्माण गरी लागू गरिनेछ।

३१. यस गाउँपालिकाको वडा नं. ४ को त्रिवेणीमा मरिण डाईभर्सनको कारण कृत्रिम ताल निर्माण भई नवर्देश्वर महादेवस्थान धार्मिक स्थलबाट पर्यटकीय स्थल बन्दै गएकोमा यसलाई देवघाट भन्दा व्यवस्थित धामको रुपमा विकास गर्न पहल गरिनेछ।

**पूर्वाधार विकास सम्बन्धी नीतिः**

**सडक, भवन,सिँचाइ,खानेपानी र सूचना सञ्चार प्रविधिः**

१. गाउँपालिकाका मुख्य सडकबाट स्वास्थ्य संस्था, निम्न माध्यमिक विद्यालय, वडा तथा पालिकाको केन्द्र लगायत सार्वजनिक इकाइ सम्म जाने बाटोहरुलाई नाली व्यवस्थापन गरी बाह्रै महिना निर्वाध रुपमा यातायात संचालन गर्ने गरी बाटोहरुको स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ। साथै अन्य टोल टोलमा पुगेका सडकहरुलाई समेत स्तरोन्नति गरिनेछ।

२. तत्काल खाँडादेवी गाउँपालिका, गोगनपानी आसपास करिब १० वर्ग किमी क्षेत्रलाई आवासक्षेत्र बनाउने र पालिका भित्रको नागरिक लाई सुलभ मूल्यमा सुरक्षित आवास दिने नीति अवलम्वन गरिनेछ।

३. संघ, प्रदेश, अन्तरपालिका र विकास साझेदारहरुबिच लागत साझेदारीमा आयोजनाहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

४.पालिका भवन, कर्मचारी तथा अतिथि आवास, स्वास्थ्य केन्द्र भवन, सामुदायिक भवन,ड्राइभिङ सेन्टर, ओपन जिम, पार्किङ स्थल तथा भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गरिनेछ साथै यसका लागि केन्द्र, प्रदेशसँग समन्वय समेत गरिनेछ।

५.पालिकाको भौतिक पूर्वाधारलाई प्रविधिमैत्री, बालमैत्री, वातावरणमैत्री तथा अपांङ्गमैत्री बनाइनेछ।

६.बस्ती विकास तथा भवन निर्माण मापदण्ड र नक्शापासको कार्यीबिधिलाई व्यवस्थित बनाई यसै आ.व. देखि कार्यान्वयनमा लगिनेछ।

७. निर्माण भएका सम्पूर्ण घरहरुको नम्बर राख्ने प्रबन्ध गरिने छ र परिवार संख्याको प्रोफाइल सफ्टवेयरमा अभिलेखीकरण गरिनेछ।

८. एकीकृत आवासको अवधारणा अनुसार छरिएर रहेका अति विकट र बाढि पहिरोको जोखिममा रहेका नागरिकहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण गरिनेछ । यसको लागि पालिकाले एकीकृत आवास कार्यक्रम पाईलट प्रोजेक्टको रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

९.बिगतका सिँचाइ सुविधा पुगेका तर हाल सुख्खा रहेका क्षेत्रहरुमा बाँध बाँधेर लगायत वैकल्पिक व्यवस्था गरी सिँचाइ सुविधा क्रमैसँग पुर्याईनेछ।

१०. खानेपानीका लागि पानीको मुहान संरक्षण, धारा निर्माण, इनार निर्माण तथा खानेपानी ट्यांकी निर्माण गरिनेछ।

११.एकीकृत माझी बस्ती डप्खालाई पर्यटकीय गन्तव्य बनाउन र आर्थिक विकास गराउन होमस्टे, परम्परागत काठको डुङ्गा सञ्चालन आदिका लागि प्रोत्साहन गरिनेछ।

१२.दिगो सडक निर्माणका लागि सडकको ढलान कार्यलाई निरन्तरता दिइनेछ। कालोपत्रे सडक आसपास वस्ती क्षेत्र र वन जंगल घुम्ती जहाँ सुरक्षाको कोणबाट जरूरी भएको क्षेत्रमा सडक बत्ती र सिसि क्यामेराको व्यवस्था गरिनेछ।

१३. बोरिङ्ग लिफ्ट खानेपानी आयोजनाका लागि सम्भावित स्थलहरुको विज्ञको सहयोग मार्फत खोजी गरी खानेपानीको सहज व्यवस्था गरिनेछ।

१४. भूमि समस्या समाधान आयोगको नीति अनुसार सुकुम्बासी लगायत अव्यवस्थित बस्तीको समस्या समाधान गर्न आवश्यक नीति अवलम्वन गरिनेछ ।

१५. खाँडादेवी गाउँपालिकामा कार्यालय परिसरमा रहेको खानेपानी ट्याँङ्कीबाट ओभरफ्लो भएको पानी अभावग्रस्त क्षेत्रमा वितरण गरिनेछ। साथै आवश्यकताको आधारमा अन्य स्थानमा पनि पानी वितरणको लागि पहल गरिनेछ ।

१६.आकाशे पानी संकलन तथा रिजर्भ ट्याङ्की निर्माणलाई निरन्तरता दिइनेछ। सफा, स्वच्छ र सुरक्षित पिउने पानीको प्रत्याभूति गरिनेछ ।साथै भूमिगत पानीको श्रोत पहिचान गरी दिगो रुपमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ।

१७.गाउँपालिकाका ठुला वडाहरु १,३,७ लाई विभाजन गरी वडा संख्या थप गर्न पहल गरिनेछ र छिमेकी पालिकाहरुसँग समन्वय गरी नगरपालिका बनाउने प्रस्ताव अगाडि बढाइनेछ, जसबाट विकास, प्रशासनिक सेवा र पूर्वाधार विस्तार थप प्रभावकारी बनाइनेछ।

१८.गाउँपालिकामा भौतिक पूर्वाधार निर्माणको गुणस्तर परीक्षण गर्नको लागि प्राविधिक प्रयोगशालाको व्यवस्थापन कार्य शुरु गरिनेछ ।

१९. प्राविधिक क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम तथा प्रविधि खरिद गरिनेछ ।

२०. "खाँडादेवीको सान पक्की सडकमा सडक बस्ती विस्तार हाम्रो अभियान" भन्ने मूल नारालाई आत्मसाथ गरिनेछ । सौर्य ऊर्जा जडान र लघु जलविद्युत् आयोजना निर्माणको लागि नीजि क्षेत्रसँग समन्वय गरिनेछ। साथै नाङ्गो तारलाई बिस्थापित गरी इन्सुलेटेड् कालो तार राख्नको लागि सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।

२१. भौगोलिक, वातावरणीय र सामाजिक पक्षको अध्ययनका आधारमा वर्तमान अवस्थामा नयाँ सडक निर्माण कार्य नगर्ने नीति अवलम्बन गरिनेछ।

२२. हाल रहेका सडक संरचनाको स्तरोन्नति, मर्मत तथा सुधारमा प्राथमिकता दिइनेछ।

२३. वातावरणीय सन्तुलन, भूमि संरक्षण, र जोखिम न्यूनीकरणका दृष्टिले नयाँ सडक खोल्दा पर्ने सम्भावित असरलाई मध्यनजर गर्दै सडक निर्माण सम्बन्धी योजना भावी सन्दर्भमा पुर्नमूल्यांकन गरिनेछ।

२४.कालोपत्रे भएका सडक किनारा र सार्बजनिक स्थानहरुलाई हरियाली र सफाराख्न सडकको दायाँबायाँ वृक्षरोपण गरिनेछ।

२५. ग्रामीण तथा शहरी दुवै क्षेत्रमा सुरक्षित, शुद्ध र पर्याप्त मात्रामा खानेपानीको पहुँच सुनिश्चित गर्न  बाक्लो बस्तीमा नमूना परिक्षणका लागि वाटर प्युरिफायर जडान गरिने छ।

२६. खानेपानी स्रोतहरूको संरक्षण, गुणस्तर परीक्षण तथा नियमित मर्मतसम्भार प्रणालीलाई सुदृढ बनाइनेछ।

२७. सामाजिक न्यायको सिद्धान्त अनुरूप सीमान्तकृत, विपन्न तथा पहुँचबाट टाढा रहेका समुदायहरूमा प्राथमिकताका साथ खानेपानी सेवा विस्तार गरिनेछ।

२८. दीर्घकालीन सिँचाइ अभाव झेलिरहेका सुख्खा तथा अर्ध-सुख्खा क्षेत्रहरूमा वैकल्पिक सिँचाइ प्रविधि जस्तै वर्षाको पानी सङ्कलन, डिप सिँचाइ, सौर्य पम्प प्रवर्द्धन आदि गरिनेछ।

२९. सुक्खा क्षेत्रमा फलफुल तथा डालेघाँस उत्पादनको लागि थोपा सिचाईलाई प्रभावकारी रुपमा सन्चालन गरिनेछ।

३०. स्थानीय भूगोल, जल स्रोतको उपलब्धता र बालीको प्रकृतिअनुसार क्षेत्रगत सिँचाइ योजना तयार गरी कार्यान्वयन गरिनेछ।

३१. सिँचाइ पूर्वाधार निर्माण, व्यवस्थापन तथा त्यसको दिगोपनाका लागि स्थानीय तह, किसान समूह तथा सरोकारवाला निकायबीच सहकार्य गरिनेछ।

३२. गाउँपालिकाभित्र ढुंगा गिट्टी बालुवा जस्ता नदिजन्य पदार्थहरुको अनाधिकृत दोहनलाई नियन्त्रण गरी व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कानुन बनाई कार्यन्वयनमा ल्याइनेछ।

३३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा जलवायु उत्थानशीलता योजना तर्जुमा गरी सोअनुसार विपद् पुर्व तयारी विपद् न्यूनीकरण प्रतिकार्य र पुनर्स्थापना कार्यलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

३४.तालदुङ, सुनडाँडा, धुस्कोटको वस्तीलाई रुपान्तरण गर्न सम्भ्याव्यताको प्रारम्भिक सर्भे भइसकेको र निकट भविष्यमा कार्यप्रारम्भ हुनेछ।

३५.वडा नं ८ र ९ को कुनै एक केन्द्र बनाइनेछ साथै  वडा नं १,२,३ लाई  सित्खाको आसपास नयाँ एकिकृत आवासको रुपमा विकास गर्ने योजना अवलम्वन गरिनेछ ।

३६.मदन भण्डारी प्रतिष्ठान भवन निर्माण गरिनेछ ।मदन भण्डारी पार्क संरक्षण गर्दै गोगनपानीको सामुदायिक भवन संचालनमा ल्याइनेछ ।

३७.खाँडादेवी मन्दिर जाने मुख्य सडकलाई ढलान गरिनेछ । साथै नर्वदेश्वर महादेव मन्दिर जाने बाटोलाई समेत व्यवस्थित गरिनेछ ।

३८. नयाँ ट्र्याक ओपन नगर्ने, अति आवश्यक बाक्लो बस्ती वा खेतीयोग्य जग्गा भएमा मात्र नयाँ ट्र्याक ओपन गर्ने नीति अवलम्वन गरिनेछ ।

३९. अनुत्पादक क्षेत्रको निर्माणको लगानीलाई प्राथमकिता नदिने नीति अवलम्वन गरिनेछ ।

४०. ३ वटा पालिका खाँडादेवी, सुनापति र दोरम्बालाई समेट्ने गरी गाल्पा बजारलाई व्यापारिक हब बन्ने गरी कम्तीमा ३०० घरधुरी बसोबास गर्न सक्ने सुविधा सम्पन्न व्यापारिक केन्द्र बनाइनेछ र धुस्कोट तालदुङ सुनडाँडालाई वडा न.०७ को नागीमा स्थानान्तरणका लागि आवश्यक कार्य गरिनेछ । यसका साथै वडा नं ०२ मझुवाको दलित वस्ती र वडा न.०९ को जोखिम वस्ती स्थानान्तरणका लागि आवश्यक पहल गरिनेछ ।

४१. पालिकामा रहेको भ्यू टावर, पालिका अस्पताल, गुम्बा, सामुदायिक भवन लगायतको संरक्षण गर्न आवश्यक कार्य गरिनेछ ।

४२. गाउँपालिकाको विद्युत नपुगेको ठाउँमा विद्युत सेवा पुर्याउन आवश्यक पहल गरिनेछ ।

४३.धार्मिक, साँस्कृतिक तथा पर्यटकीय उद्धेश्य रहेका कूलघर, ट्रस, मन्दिर,गुम्बा,माने लगायतका संरचना निर्माणलाई कम प्राथमिकता दिँदै समग्रतामा सबैका लागि साझा बन्न सक्ने ठूला परियोजनालाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ ।

४४. विकास निर्माणको कार्यमा सकेसम्म बोलपत्र प्रकृयाद्वारा गरिने नीति अवलम्वन गरिनेछ।

४५.गाउँपालिकाका सबै कार्यालयहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू तथा सूचना तथा प्रविधिको प्रयोगमा नागरिकको सरल र सहज पहुच वृद्धि गरिदै लगिनेछ।गाउँपालिकाको तथ्याङ्क अध्यावधिक गर्न संकलन गरिएको डिजिटल डाटा वडा वडामा सूचारु गरिनेछ।वडा स्तरको आर्थिक, सामाजिक, धार्मिक, सास्कृतिक, भौगोलिक वृतचित्र निर्माण गरी डिजिटल मार्केटिङलाई तीव्रता दिइनेछ। ज्ञानवर्धक तथा जनचेतनामूलक कार्यक्रम निर्माण तथा प्रसारण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ। सार्वजनिक स्थानहरुमा आवश्यकता अनुसार सि.सि. क्यामरा जडानलाई निरन्तरता दिइनेछ ।बजार क्षेत्र, सार्वजनिक क्षेत्र, सुरक्षाको दृष्टिकोणले सम्वेदनशील क्षेत्रमा सडक बत्तीको व्यवस्था गरिनेछ ।

४६ .सूचना प्रविधिमैत्री सेवा प्रवाहको अवधारणालाई उच्च प्राथमिकतामा राख्दै सेवा प्रवाहको नविनतम कार्यहरुलाई विकास गर्दै लगिनेछ । यस कार्यबाट सेवाप्रवाह छिटो र पारदर्शिता र विश्वसनिय हुने अपेक्षा लिइएको छ ।

४७.प्र विधिको गलत प्रयोग र त्यसको अपराधबाट बच्ने उचित प्रयोगका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

४८.गाउँपालिकाको प्रत्येक घरमा घर नम्बर वितरण गरिनेछ।

४९.माध्यमिक तहका विद्यालयको शिक्षकहरुलाई विद्यालयमै गई कम्प्युटरको तालिम दिने व्यवस्था गरिनेछ ।

५०.कम्प्युटर ल्याब भएका विद्यालयहरुमा शिक्षक, विद्यालयहरुलाई कम्पयुटर तालिम, कोडिङ तथा रोबोटिक्स तालिम दिईनेछ।

**सामाजिक विकास सम्बन्धी नीतिः**

**स्वास्थ्य, शिक्षा, महिला बालबालिका, युवा तथा खेलकुद तथा सामाजिक सुरक्षा तथा न्यायिकसम्बन्धीः**

१. हरेक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पँहुँच स्थापित गराई आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क ,सर्वसुलभ र गुणस्तरीय बनाईनेछ ।

२. कम्तीमा ५ शैयाको पालिकास्तरीय अस्पताल निर्माण कार्य पुरा गरी आकस्मिक तथा सामान्य उपचारको प्रवन्ध मिलाईनेछ ।

३. स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति सेवालाई गुणस्तरीय र शुन्य होम डेलिभरी गराउनका लागि तथा सुत्केरीलाई पौष्टिक आहारका लागि आवश्यक व्यवस्था तथा संस्थागत प्रसुति हुनेलाई निशुल्क एम्वुलेन्सको व्यवस्थालाई निरन्तरता दिईनेछ। रेफरल फण्डको व्यवस्था गरिनेछ।

४. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई आफ्नो जिम्मेवारी प्रति उत्तरदायी र जवाफदेही बनाईनेछ ।आफ्नो कार्य क्षेत्रको स्वास्थ्य सम्बन्धी जनचेतना तथा सरसफाईको जिम्मेवारी समेत प्रदान गरिनेछ ।

५. पोषणमैत्री स्वास्थ्य संस्था तथा संस्थागत सुत्केरीयुक्त वडा र पालिका घोषणा गर्न आवश्यक तयारी गरिनेछ ।

६. स्वास्थ्य बिमा कार्यक्रमलाई थप विस्तार गरिनेछ ।पकरवास स्वास्थ्य चौकीलाई प्रथम सेवा विन्दु स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

७. आयुर्वेद,प्राकृतिक चिकित्सा,योग,व्यायाम तथा ध्यानको माध्यमबाट दीर्घ जीवनको लागि प्रेरित गरिनेछ ।

८. सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्ध्दनात्मक,प्रतिकारात्मक तथा उपचारात्मक सेवालाई एकीकृत गरी आधारभुत सेवा उपलब्ध गराईनेछ ।

९. आकस्मिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन एम्बुलेन्स थप खरिद गरि प्रभावकारी बनाईनेछ।

१०.स्वास्थ्यकर्मी परिचालन गरी ज्येष्ठ नागरीकलाई घर टोलमा नै आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।साथै माग र आवश्यकताको आधारमा शववाहन सेवा लागत साझेदारीमा सन्चालन गरिनेछ ।

११.टोलटोलमा अपांग तथा ज्येष्ठ नागरिकको स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईनेछ।

१२.आमा समुह,विद्यालयमा नसर्ने रोग सम्बन्धी सचेतना तथा स्क्रिनिङको व्यवस्था मिलाईनेछ।

१३.गाउँपालिकाको वडा तथा वस्तीमा विसेषज्ञ सहितको शिविर संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४.गाउँपालिकालाई पूर्णखोप गाउँपालिका घोषणा तथा दिगोपनाकालागि आवश्यक कृयाकलाप गरिनेछ ।

१५.डेंगु ,कोभिड लगायत अन्य महामारी रोगको प्रकोपलाई नियन्त्रण र रोकथामका लागि आवश्यक प्रवन्ध मृगौला,क्यान्सर,मेरुदण्डका पक्षघात भएका विरामीलाई संघीय सरकारबाट प्राप्त औषधोपचार खर्च प्रदान गरिनेछ ।

१६.गाउँपालिका अस्पताल सञ्चालन नहुन्जेलसम्मका लागि गाउँपालिकाको पकरवास स्वास्थ्य चौकीमा मेडिकल अधिकृतबाट प्रदान गरिंदै आएको सेवालाई निरन्तरता दिईनेछ ।

१७.विद्यालय नर्सलाई स्वास्थ्य सेवा सुधारका लागि अधिकतम उपयोग गरिनेछ ।र विद्यालयमा विद्यार्थीको स्वास्थ्य परिक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८.विपन्न,असहाय तथा दिर्घ रोगका कारण समस्यमा परेका नागरिकलाई स्वास्थ्य उपचारमा आवश्यक सहयोगको प्रवन्ध मिलाईनेछ ।

१९.टेलिमेडिसिन सेवा संचालन गरी विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

२०.मोवाईल अस्पताल मार्फत घुम्ती शिविर लगायतको अन्य आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

२१.पालिकाभित्रका बर्थिङ सेन्टरमा सुत्केरी भएका आमाको बालबालिकालाई प्रोत्साहन गरिनेछ।

२२.विद्यार्थीलाई विद्यालयमा सिकाउने, स्वदेशमा टिकाउने र विश्व बजारमा बिकाउने आवश्यक नीति अख्तियारी गरिनेछ ।

२३.गाउँपालिकामा आवासीय विद्यालय निर्माण भइरहेकोमा त्यसलाई आगामी शैक्षिक शत्रबाट सन्चालनमा ल्याउन आवश्यक कार्य गरिनेछ ।

२४.सबै माध्यामिक विद्यालयलाई प्रविधिमैत्री बनाउन सङ्घ तथा प्रदेश सरकारको ससर्त कार्यक्रमसँगै विद्यालयमा इन्टरनेट, सि.सि.टि.भी.तथा तथ्याङ्क व्यवस्थापनका लागि थप आवश्यक व्यवस्था मिलाइने छ ।

२५. मौजुदा शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या र विद्यालयको नक्साङ्कनका आधारमा सङ्घीय शिक्षा ऐन तथा नियमावली बमोजिम दरबन्दी मिलान नभएसम्मको लागि विद्यार्थी सङ्ख्याको आधारमा बढी शिक्षक सङ्ख्या देखिएको वा विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयमा कार्यरत शिक्षकलाई अरु विद्यालयको विद्यार्थी शिक्षकको अनुपातलाई मध्यनजर गरी कामकाज गर्न खटाइने छ र न्यून विद्यार्थी भएका विद्यालयको कक्षा घटाइने छ ।

२६. नयाँ कार्यक्रमको रुपमा विद्यालय करेसाबारी निर्माणसम्बन्धी योजना थप गरिनेछ। ६.नतीजा सुधारका लागि प्र.अ. तथा शिक्षक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२७. कक्षा ६ भन्दा माथिका विद्यार्थीको नतीजाको आधारमा पढाइको स्तर अनुसार विभाजन गरी थप कक्षा सञ्चालन गरी आधारभूत तह उत्तीणर्ा परीक्षामा ५० प्रतिशत नतिजा ल्याउने विद्यार्थीहरुलाई शत प्रतिशत नतिजा पुर्याउन, अनुत्तीर्ण हुने सबै विद्यार्थीहरुलाई उत्तीर्ण गराउन तथा औसतमा कम्तीमा ६० प्रतिशत नतिजा पुर्याउन आवश्यक प्रयत्न गरिनेछ ।

२८. विद्यालय तथा गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप आयोजना गरी विद्यार्थीहरुमा सकारात्मक प्रतिस्पर्धात्मक भावनाको विकासमा जोड दिइने छ ।

२९. सि.टि.ई.भि.टि.तथा प्राविधिक धारतर्फ कक्षालाई थप व्यवस्थित बनाई सञ्चालन गर्न सङ्घ तथा प्रदेश सरकारसँग सहकार्य गरी नियमित सञ्चालन गरिने छ ।

३०. शैक्षिक सूचकाङ्कमा राम्रो सुधार गर्ने विद्यार्थी, शिक्षक तथा अभिभावकहरुको लागि अध्ययन अवलोकन भ्रमणको लागि आवश्यक व्यवस्थालाई निरन्तरता दिइने छ । ११.गाउँपालिका तथा जिल्लास्तरीय परीक्षाहरुमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक तथा विद्यालयलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. डे बोडर्स तथा कक्षा ६‘१० को दिवा खाजा तथा खाना प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३२. हाल एस.इ.इ. को तयारीमा रहेका विद्यार्थीलाई कम्तीमा पनि ५० दिन क्लोज क्याम्पमा राखी पठनपाठन गराइनेछ ।

३३. प्राविधिक शिक्षा अध्ययनरत अति सीमान्तकृत थामी र पहरी समुदायका १० जना विद्यार्थीहरुका लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।

३४. थामी र धोबी र पहरी जाति उत्थान गर्ने ध्येयका साथ १०+२ प्राविधिक शिक्षा अध्ययनका लागि सो समुदायका ५जना विद्यार्थीलाई आवासीय छात्रवृतिको व्यवस्था गरिनेछ।

३५. उच्च शिक्षा तथा आर्थिक सहायता कार्यक्रम ल्याइने छ । अति सिमान्तकृत, सिमान्तकृत, दलित समुदायका विद्याथीहरुलाई प्राविधिक तथा उच्च शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।

३६. ढिस्केचौरमा गाउँपालिकाको व्यवस्थित खेलमैदान निर्माण गर्नका लागि आवश्यक कार्य गरिनेछ साथै गाउँपालिका भित्र रहेका अन्य खेल मैदानहरुको समेत स्तरोन्नति गरिनेछ ।

३७. प्रत्येक विद्यालय शिक्षाको प्रारम्भिक कक्षा बालबिकास केन्द्र भएकोले बालविकास केन्द्रलाई थप व्यवस्थित बनाइनेछ ।

३८. बालकक्षा सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगी तथा सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको तलब न्यून रहेकोले स्थानीय तहको आन्तरिक श्रोतले धानेसम्म थप तलबको व्यवस्था गरिनेछ ।

३९. आधारभूत तथा माध्यामिक तहमा शिक्षक दरबन्दी कम भएका विद्यालयलाई गाउँपालिकाले शिक्षण सहयोग अनुदानप्रदान गर्दै आएकोमा प्रदेश तथा सङ्घीय शिक्षण सहयोग अनुदानबाट गणित, अङ्ग्रेजी र विज्ञान विषय शिक्षण गर्न शिक्षकको अभावपूर्ति भएमा अनुदान कटौती गरी दरबन्दी अभाव भएको विद्यालयलाई अनुदानको व्यवस्था मिलाइनेछ ।

४०. अपग्रेड भएका विद्यालयलाई आवश्यक दरवन्दी थप सिर्जना गरी आवश्यक बजेटको व्यवस्था गरिने छ ।

४१. यस पालिकाभरिका सामुदायिक विद्यालयहरुको प्र.अ. तथा व्यवस्थापन समितिका अध्यक्षहरुलाई नमुना विद्यालयहरुमा अध्ययन अवलोकन भ्रमणको कार्यक्रम ल्याइने छ ।

४२. बालबालिकाको पढाइमा अभिभावकको चासो र जिम्मेवारी बृद्धि गर्न अभिभावक शिक्षासम्बन्धी कार्यक्रम शुरु गरिनेछ साथै अध्यक्षसँग विद्यार्थी र अभिभावक कार्यक्रम लागू गरिनेछ।

४३. यसै वर्ष जिल्लास्तरीय राष्टपति रनिङशील्ड प्रतियोगिता सञ्चालनका लागि आवश्यक कार्य गरिनेछ ।

४४. पालिकास्तरमा नै अन्तर पालिकास्तरीय विभिन्न खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ।

४५. विद्यालयमा पढाइ हुने अतिरिक्त कक्षामा विद्यार्थीको रुचि बमोजिम कोर्ष बाहेकका अन्य कुराहरु सिकाइने नीति लिइनेछ ।

४६. आमा शिक्षक कार्यक्रम लागू गरिनेछ ।

४७. युवा उद्यमशीलता कार्यक्रमलाई प्रबर्धन गर्न अध्यक्षसँग युवा कार्यक्रम ल्याइनेछ ।

४८. बालमैत्री स्थानीय शासन कार्यविधि वमोजिम बालमैत्री वडा र पालिका घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

४९. लैङ्गिक समता एवं सामाजिक समावेशिकरण(GESI) नीति कार्यनीति तयार गरी कार्यान्वयन साथै GRB र GESI परिक्षण सम्वन्धि कार्यक्रम संचालन गरिनेछ।

५०.गाउँपालिका स्तरीय लैङ्गिक हिंसा निवारण कोष बालकोष लगायतका विभिन्न कोषहरुकोव संचालन तथा परिचालन गरिनेछ।

५१.अपाङ्गता परिचय पत्र नविकरण तथा अपाङ्गता शिविर तथा अपाङ्गता लक्षित कार्यक्रम संचालन गरिनेछ।

५२.जोखिम तथा घरेलु हिंसामा परेका महिला बालबालिका किशोरकिशोरी अपाङ्गता भएका व्यक्ति लगायतका विभिन्न पिडित नागरिकहरुको संरक्षण तथा क्षमता विकास गर्न विभिन्न वडहरुमा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

५३.समाजका गरीब दुखी र विपन्न महिला विशेष तथा आयआर्जन कार्यक्रम संचालन गरिनेछ।

५४.विभिन्न दिवसिय कार्यक्रम संचालन गरिनेछ।

५५.बालविबाह बहुविबाह लगायतका विषयहरुमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

५६.महिलालाई आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्न गृहिणी महिला सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ।

५७.जेष्ठ नागरिक भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५८.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्ग भएका लाभग्राहीहरूलाई राष्ट्रिय परिचयपत्र प्रदान गर्ने कार्य वडा स्तरमा शिविर सञ्चालन गरी सम्बन्धित वडा कार्यालयमार्फत नै उपलब्ध गराइनेछ। राष्ट्रिय परिचयपत्र बनाउने

५९. डिजिटल प्रविधिको प्रयोगद्वारा सेवा पहुँच सहज, पारदर्शी र प्रभावकारी बनाउने नीति लिइनेछ।

६०.सामाजिक सुरक्षा तथा दर्ता सम्वन्धी सेवा प्रवाहमा पारदर्शिता तथा जवाफदेहिता कायम गर्ने कुरालाई निरन्तरता दिइनेछ ।

६१. न्यायिक समिति मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन गरिनेछ ।

६२. जनप्रतिनिधि, आमजनसमुदाय र विद्यालयका विद्यार्थीका लागि लक्षित गरी न्याय सम्बन्धी विविध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६३. न्यायिक समितिका पदाधिकारी / मेलमिलाप कर्ताहरुलाई सम्बन्धीत विषयको बिज्ञ ल्याई तालिमको व्यवस्था गरिनेछ ।

६४. मेलमिलापकर्ताहरुलाई प्रोत्साहनमा वृद्धि गरिने छ ।

६५. प्रत्येक मेलमिलाप केन्द्र/न्यायिक समितिमा एक विवाद समाधान गरे बापत प्रोत्साहन रकम उपलब्ध गराइने नीति लिइनेछ ।

६६. मेलमिलाप संयोजकहरुसँग मासिक रुपमा बैठक बसी प्रगति समीक्षा र सुझाव संकलन गर्ने कार्यक्रम राखिने छ।

६७.मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६८.गरिब, असहाय तथा पिछडिएका व्यक्तिहरुका लागि निशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ ।

६९.उत्कृष्ट मेलमिलाप कर्तालाई सम्मान गरिने नीति अवलम्वन गरिने छ ।

**सुशासन तथा संस्थागत विकाससम्बन्धी नीतिः**

**सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकाससम्बन्धी नीतिः**

१. **सार्वजनिक जवाफदेहिताःशासन, विकास र सेवा प्रवाहमा पारदर्शिता** भन्ने आदर्शलाई अनुशरण गरी सार्वजनिक सुनुवाइ तथा सार्वजनिक परीक्षणलाई अनिवार्य रुपमा अवलम्वन गरिनेछ।

२. वित्तिय शुसासन र प्रशासनिक अनुशासन कायम गर्नका लागि पेश्की तथा बेरुजु फर्स्यौट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माण एवम् शासकीय गतिविधिमा हुन सक्ने अनियमितता तथा ढिलासुस्तीमा सून्य सहनशीलताको नीति अख्तियार गरी सो कार्यलाई चुस्त र प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालय र गाउँपालिकामा सुझाव पेटिकाहरु राखिनेछ ।

४. पालिकाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङकन गर्ने परिपाटीलाई व्यवस्थित गरिनेछ।

५. कर्मचारीहरुको पदीय जिम्मेवारी र जवाफदेहीता प्रबर्धन गर्न मासिक, त्रैमासिक अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा प्रतिवेदन तयारीको कार्यलाई अनिवार्य गराइनेछ।

६. कर्मचारीहरुको कार्यसम्पादनको आधारमा कार्यविधि बनाइ प्रोत्साहन गरिने नीति अवलम्वन गरिनेछ ।

गाउँसभा सदस्यज्यूहरु, आमन्त्रित विशिष्ट महानुभावहरु,

"समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्दै सुन्दर, सभ्य र समृद्व खाँडादेवी निर्माणको लागि आजसम्म सबै तहबाट सकारात्मक सल्लाह, सुझावको साथै सहयोग प्राप्त भएकोमा आगामी दिनमा पनि उच्च तहको साथ सहयोगको अपेक्षा गरेको छु। यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा यस गाउँपालिकालाई सबैबाट पूर्ण सहयोग हुने विश्वास व्यक्त गर्दछु । गाउँ सदस्यज्यूहरु लगायत सबैलाई स्थानीय कानुन निर्माण र पालिकाको विकासमा देखाउनु भएको चासो र सुझावको लागि धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसञ्चार लगायत सम्पूर्ण दिदी बहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै सबै क्षेत्र, वर्ग जातजातिलाई विकासको मूलप्रवाहमा समावेश गरी आपसी एकता र पारस्पारिकता कायम राखी समृद्ध र सुखी खाँडादेवी निमार्ण गर्न यस नीति तथा कार्यक्रमले पर्याप्त मार्गदर्शन र आधार प्रदान गर्ने छ भन्ने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमलाई सफल बनाउन सबैमा हार्दिकता पूर्वक अनुरोध गर्दछु ।

धन्यवाद !

प्रस्तुतकर्ता

ज्ञानकुमार श्रेष्ठ